# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-६ सङ्ख्या-५ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०७९/०३/१२

## भाग-१

**बलेफी गाउँपालिका**

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### बलेफी गाउँपालिका सिन्धुपाल्चोकको शिक्षा ऐन, २०७९

**प्रस्तावना** : नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न बलेफी गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षा प्रदान गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बलेफी गाउँपालिका सिन्धुपाल्चोकको एघारौं गाउँसभाले यो ऐन बनाई कार्यान्वयनमा ल्याएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम **"बलेफी गाउँपालिका शिक्षा ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन बलेफी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रारम्भिक बालशिक्षा" भन्नाले ४ वर्ष उमेर पूरा गरेका बालबालिकाहरुलाई दिइने एक वर्षको प्रारम्भिक शिक्षा सम्झनु पर्छ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ख) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ

(च) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ङ) बमोजिम शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(छ) "माध्यमिक शिक्षा परीक्षा" माध्यामिक तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्दछ ।

(ज) "आधारभूत शिक्षा परीक्षा समिति भन्नाले आधारभूत तहको अन्त्यमा हुने (कक्षा ८) परीक्षालाई व्यवस्थापन र नियमन गर्न बनेको परीक्षा समिति सम्झनु पर्छ ।

(झ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ञ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्ति वा संस्थालाई समेत जनाँउछ ।

(ट) "अभिभावक शिक्षा" भन्नाले विद्यार्थीको अभिभावकलाई दिइने शिक्षा तथा तालिमलाई जनाउँछ।

(ठ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमवाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ड) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्दछः—

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रबण, अटिजम, बौद्धिक, शारिरीक वा अन्य अपाङ्गता भएका बालवालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा।

(२) सामाजिक, आर्थिक वा भौगालिक कारणले पछाडि पारिएका ब्यक्तिलाई बिभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ढ) "विद्यालय शिक्षा" भन्नाले आधारभुत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(ण) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(त) "सस्थागत विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारवाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(थ) "विद्यालय" भन्नाले सामुदायिक वा सस्थागत विद्यालय सम्झनु पर्दछ ।

(द) "अनौपचारिक शिक्षा" भन्नाले औपचारिक विद्यालय शिक्षावाट बन्चित बिभिन्न उमेर समुहका ब्यक्तिहरुका लागि दिइने छोटो अबधिको शिक्षालाई सम्झनु पर्दछ ।

(ध) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(न) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

(प) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।

(फ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेका नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ब) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई संघीय सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(भ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकावाट आवासीय विद्यालयको रुपमा स्वीकृत प्राप्त विद्यालयलाई सम्झनु पर्दछ ।

(म) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै ब्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(य) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(र) "प्रदेश मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनु पर्नेछ ।

(र) "शिक्षक सेवा आयोग"भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षकहरुको स्थायी नियुक्तिका लागि परीक्षा सञ्चालन तथा सिफारिस गर्ने आयोग सम्झनु पर्छ ।

(ल) “पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय शिक्षा ऐन बमोजिम राष्ट्रिय पाठ्यक्रम र पाठ्यपुस्तक विकासका लागि स्थापना भएको संस्था सम्झनु पर्छ ।

(व) “विद्यालय शिक्षक किताबखाना” भन्नाले संघीय शिक्षा ऐन बमोजिम स्थापना भएको विद्यालय शिक्षक कितावखानालाई सम्झनु पर्छ ।

(श) “सभा” भन्नाले बलेफी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(ष) “कार्यपालिका” भन्नाले बलेफी गाउँपालिकाको कार्यपालिकालाई सम्झन पर्छ ।

(स) “गाउँ शिक्षा समिति” भन्नाले “बलेफी गाउँपालिका शिक्षा ऐन, २०७९” को दफा १० को उपदफा (१) बमोजिम गठन भएको शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ह) शिक्षक व्यवस्थापन समिति भन्नाले यसै ऐन, को दफा १६ को उपदफा (१) बमोजिम गठन भएको समितिलाई सम्झनु

(क्ष) "गाउँपालिका" भन्नाले बलेफी गाउँपालिकालाई सम्झनु पछ ।

(त्र) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ज्ञ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(अ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(आ) “शिक्षा अधिकृत” भन्नाले बलेफी गाउँपालिकामा खटिनु भएका शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

(इ) “शिक्षा शाखा” भन्नाले बलेफी गाउँपालिकाको शिक्षा शाखालाई सम्झनु पर्छ ।

(ई) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

३. <u>**विद्यालय खोल्न अनुमति लिनु पर्ने**</u> : (१) कुनै नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा कार्यालयमा अनुमतिको लागि शैक्षिकसत्र सुरु हुनु भन्दा दुई महिना अगावै निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित वडा कार्यालयमा निवेदन परेमा सो उपर सम्बन्धित वडाले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा आवश्यक कारवाहीको लागि पेश भएका सक्कलै कागजातको साथमा वडाको राय सहित आफ्नोेमा पेश भएको १५ दिन भित्र अनिवार्य रुपमा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सिफारिस गनुपर्नेछ ।

(३) उपदफा(२) बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखामा पेश भएका कागजातको शिक्षा अधिकृतले आवश्यक जाचँबुझ तथा स्थलगत निरीक्षण गर्दा तोकिएको पूर्वाधार पूरा भएको देखिएमा शिक्षा अधिकृतले आफ्नो राय सहितको लिखित प्रतिवेदन शैक्षिक सत्र सुरु हुन भन्दा तीस दिन अगावै शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति दिने निर्णय भएमा तोकिएको शर्त बन्देज पालना हुने गरी शिक्षा अधिकृतले तोकिएको ढाँचामा अनुमति दिनेछ ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत गाउँपालिका भित्र कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी प्ररुपमा विद्यालय सञ्चालन गर्न शिक्षा अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा शिक्षा अधिकृतले निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिमको विद्यालय सञ्चालन गर्न स्वीकृती दिनेछ ।

(७) उपदफा (६) र (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्नका लागि अनुमति वा स्वीकृती दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाका रुपमा हुनु पर्ने ,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक(ट्रष्टी) बोर्डमा सार्वजनिक गुठी भए कम्तीमा ५ जना र निजी गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठिको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) निजी शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमा वा शेषपछि गुठीयारको रुपमा काम गर्ने गरी आफ्नो उत्तराधिकारी तोक्न

सक्ने तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(ङ) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

४. **विद्यालय सञ्चालन** : विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. **परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था** : (१) आधारभूत तह शिक्षा परीक्षाको व्यवस्थापन, सञ्चालन, नियन्त्रण र प्रमाणीकरण गर्न कानुन बमोजिमको परीक्षा समिति गठन हुनेछ ।

(२) माध्यमिक तहको कक्षा १०, ११ र १२ को अन्त्यमा हुने परीक्षा संघिय शिक्षा ऐन बमोजिम हनेछ।

(३) परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **माध्यमिक शिक्षाको प्रकार** : माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ :-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

७. **विशेष शिक्षा, अनौपचारिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा र अनौपचारिक शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा वा अनौपचारिक शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम अनुमति दिन सक्नेछ ।

(३) विशेष शिक्षा र अनौपचारिक शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण र दृष्टि विहीन भएका बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षण सिकाई र मूयाङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ।

(५) अनौपचारिक शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

८. **शिक्षाको माध्यम** : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली र अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) आधारभूत शिक्षा (कक्षा १-५) मातृभाषमा दिन सकिनेछ,

(ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

९. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : गाउँपालिका क्षेत्रभित्रका विद्यालयले संघीय सरकार पाठ्यक्रम विकास केन्द्रले तोके बमोजिम पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ तर स्थानीय पाठ्ययक्रमको हकमा बलेफी गाउँपालिकाले निर्माण गरी तोकेको स्थानीय पाठ्यक्रम लागू गर्नु पर्नेछ ।

१०. **गाउँ शिक्षा समितिको गठन** : (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, व्यवस्थापन, सञ्चालन, समन्वय र नियमन गर्ने कामको लागि गाउँपालिकामा देहाय बमोजिमको गाउँशिक्षा समिति रहनेछ :-

| | | |
|---|---|---|
| क) | गाउँपालिकाको अध्यक्ष | **अध्यक्ष** |
| ख) | गाउँ कार्य पालिका सदस्यहरुमध्येबाट गाउँपालिका अध्यक्षले तोकेको कम्तीमा एक जना महिला सहित दलित, जनजातीहरु मध्येबाट गरी जम्मा दुई जना | **सदस्य** |
| ग) | गाउँपालिका सामाजिक विकास समितिको संयोजक | **सदस्य** |
| घ) | प्रमुख प्रशासकिय अधिकृत | **सदस्य** |
| ङ) | गाउँपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेको एक जना | **सदस्य** |
| च) | गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेको एकजना | **सदस्य** |
| छ) | सम्बन्धित गाउँपालिकाको नेपाल शिक्षक महासंघको अध्यक्ष | **सदस्य** |
| ज) | स्थानीय समाजसेवी, शिक्षाप्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना | **सदस्य** |
| झ) | शिक्षा अधिकृत | **सदस्य सचिव** |

(२) उपदफा १ अनुसारको गाउँशिक्षा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) शिक्षा समितिको बैठक भत्ता कार्यपालिका बैठकको भत्ता सरह हुनेछ ।

(४) बैठक सञ्चालनको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(५) शिक्षा समितिका संयोजक÷अध्यक्षको अनुरोध वा निर्देशनमा शिक्षा समितिको बैठक सदस्य सचिवले बोलाउनेछन् ।

(६) गाउँ शिक्षा समितिले आवश्यकता महशुस गरेमा विविध विषय क्षेत्रमा विज्ञलाई गाउँशिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

११. **<u>गाउँ शिक्षा समितिको काम, कर्तवय र अधिकार</u>** : (१) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका भित्रको यथार्थ शैक्षिक तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने गराउने र शैक्षिक स्थिति प्रकासन गर्ने गराउने ।

(ख) शैक्षिक तथ्याङ्कको आधारमा गाउँको शिक्षा नीति शैक्षिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने ।

(ग) प्रत्येक आर्थिक वर्षको शुरुमा शिक्षा शाखाले प्रस्ताव गरेको शैक्षिक कार्यक्रम तथा बजेट बारे छलफल तथा आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृतिका लागि पेश गर्ने ।

(घ) गुणस्तरीय शिक्षाका मापदण्डहरु तयार गरी वा गर्न लगाई कार्यपालिकाबाट स्वीकृत गराई गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यान्वयन गर्ने गराउने ।

(ङ) शिक्षा शाखाबाट पेश भएको विद्यालय स्वीकृति, अनुमति, कक्षा तथा तह थप, विद्यालय स्थानान्तरण कार्य छलफल गरी आवश्यक निर्णय लिने र कार्यपालिकाबाट स्वीकृति गराई कार्यान्वयन गर्ने गराउने ।

(च) गाउँपालिका भित्रको शिक्षामा सुधारका लागि शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने ।

(छ) नेपाल सरकारको स्वीकृत नीति तथा निर्देशन अनुरुप विशेष आवश्यकता भएकाहरुको लागि विशेष शिक्षा, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने ।

(ज) गाउँपालिका भित्रको शिक्षा क्षेत्रको सुधारका लागि कार्यरत जनशक्तिलाई पुरस्कार तथा दण्ड सजायका मापदण्डहरु तयार गरी कार्यपालिकाबाट स्वीकृति गराई कार्यान्वयनमा ल्याउने ।

(झ) गाउँपालिका भित्र रिक्त हुन आएका अस्थायी करार राहत शिक्षक पदमा अस्थायी पद पूर्तिको व्यवस्था मिलाउने ।

(ञ) गाउँपालिका भित्र सामुदायिक विद्यालयहरुका शिक्षकहरुको आवश्यकताका आधारमा शैक्षिक सत्रको सुरुमा सरुवा व्यवस्था गर्ने गराउने ।

(ट) गाउँपालिका भित्रका विद्यालयहरुलाई विद्यालयहरका आधारभूत आवश्यकता र क्षमताका आधारमा विद्यालय सुधार योजना तयार गर्न लगाई ती योजना कार्यान्वयन गर्न न्यूनतम बजेटको व्यवस्थापन गर्ने गराउने ।

(ठ) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने/गराउने ।

(ड) गाउँपालिका भित्रका विद्यालयहरुमा विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई मापदण्ड बनाई समायोजन गर्ने गराउने ।

(ढ) गाउँपालिका भित्रको कुनै विद्यालय बन्द गर्नुपर्ने, स्थान परिवर्तन गर्नु पर्ने, समायोजन गर्न पर्ने भएमा निर्णय गरी कार्यान्वयनका गर्ने ।

(ण) शिक्षा शाखाबाट शैक्षिक क्यालेण्डर तयार गराई विद्यालयहरुलाई सोही क्यालेण्डरका आधारमा आ-आफ्नो विद्यालयको वार्षिक कार्ययोजना तयार पारी कार्यान्वयन गर्न लगाउने ।

(त) विद्यालयहरुमा खेलकुद स्काउट अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि व्यवस्था मिलाउने।

(थ) आवासिय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(द) गाउँपालिकाबाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही शिक्षा शाखा र विद्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

(ध) गाउँक्षेत्र भित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाउने ।

(न) गाउँपालिका भित्रका विद्यँलयहरुमा समय समयमा गाउँपालिकाबाट विभिन्न शीर्षकमा निकासा भएका बजेट तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था यकिन गर्न नियमित सुपरिवेक्षण अनुगमन गर्ने गराउने ।

(प) गाउँपालिका भित्रका संस्थागत विद्यालयहरुले पालना गर्नुपर्ने मापदण्ड, कायम गर्नुपर्ने गुणस्तर, शुल्कको प्रावधान, विपन्न तथा सिमान्तकृत बर्गका विद्यालर्थीलाई दिने छात्रवृत्तिको आधार र प्रतिशत र शिक्षक तथा कर्मचारीका सेवा शर्त पारिश्रमिकको किटानी गर्ने गराउने ।

(फ) हरेक सामुदायिक तथा संस्थागत विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने गराउने।

(ब) गाउँभित्रका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी निस्चित मापदण्ड बनाई सो आधारमा मिलान गर्ने ।

(२) उपदफा (१) (प) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र-छात्रालाई दिने छात्रवृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीको सेवा शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा सामान्यत संस्थागत विद्यालयहरुको संगठनको सहभागीता एवं राय परामर्स लिन सकिनेछ ।

(३) गाउँ शिक्षा समितिले आफ्नो काम, कर्तव्य र अधिकारभित्रको कामहरु आवश्यकता अनुसार आफ्नो सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **कार्यपालिकाको काम, कर्तव्य र अधिकार** : (१) प्रचलित कानुनमा तोकिएको काम कर्तव्य र अधिकारको अतिरिक्त गाउँपालिका भित्रको शिक्षाका सन्दर्भमा गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) गाउँपालिकाको शैक्षिक उन्नती, प्रगति र गुणस्तर सुधारका लागि गाउँ शिक्षा समितिबाट पेश भएका गाउँपालिकाको शैक्षिक नीति, योजना, कार्यान्वयन तथा बजेट माथि आवश्यक छलफल गरी स्वीकृत गर्ने ।

(ख) कार्यपालिकाले स्वीकृत गरेका शिक्षा नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकारीलाई आवश्यक निर्देशन दिने।

(ग) समय समयमा गाउँपालिका भित्रका विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्न गाउँ शिक्षा समिति तथा शिक्षा शाखालाई आवश्यक निर्देशन दिन।

१३. **<u>सामुदायिक विद्यालय व्यवस्थापन समितिको गठन</u>** : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेका एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

क. गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, विद्यालय रहेको वडाको वडा अध्यक्ष तथा जनप्रतिनिधि, विद्यालयको अभिमावक, स्थानीय शिक्षा प्रेमी, शिक्षा विद, स्थानीय बुद्धिजिवीहरुमध्येबाट सम्बन्धित वडाका वडा अध्यक्षको परामर्शमा गाउँपालिकाका अध्यक्षले मनोनयन गरेको व्यक्ति **अध्यक्ष**

ख. विद्यालयको अभिभावकहरुमध्येबाट कम्तिमा एक जना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको ३ जना **सदस्य**

ग. विद्यालयको संस्थापक, चन्ददाता, स्थानीय समाजसेवीहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना **सदस्य**

घ. विद्यालयमा कार्यरत शिक्षकहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक **सदस्य**

ङ. विद्यालयको प्रधानाध्यापक **सदस्य सचिव**

(२) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुऱ्याई विगठन गर्न सक्नेछ। तर त्यसरी विगठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) को (क),(ख) र (ग) बमोजिम गठीत व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि ३ वर्षको हुनेछ ।

(४) उपदफा (१) को (ख) र (ग) बमोजिम व्यवस्थापन समितिका पदाधिकारीहरुको मनोनित गर्दा गाउँपालिकाका अध्यक्षसंग समन्वय गरी गर्नु पर्नेछ ।

१४. **<u>सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ</u>** : (क) गाउँपालिकाबाट नियुक्त तथा पदस्थापन भई आएका शिक्षकहरुलाई हाजिर गराई काम काजमा लगाउने।

(ख) गाउँपालिकाबाट तोकिएको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने तथा लेखा परीक्षण प्रतिवेदनले दिएका सुझावहरुलाई कार्यान्वयन गरी विद्यालयको आर्थिक कार्य प्रणालीमा सुधार ल्याउने ।

(ग) निजी सोतमा आफैंले नियुक्ति गरेका शिक्षकहरुका लागि शर्त अनुसारको पारिश्रमिक तथा सुविधाको व्यवस्थापन गर्ने ।

(घ) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने गराउने ।

(च) शिक्षकहरुको नियमितता, पठनपाठन र अनुशासन आदिको शुक्ष्म अवलोकन गरी आवश्यक पुरस्कार र दण्डको सिफारिस गाउँपालिकासँग गर्ने ।

(छ) विद्यालयका लागि भौतिक, शैक्षिक आदि कार्यका लागि आवश्यक स्रोत साधन जुटाउनका लागि विभिन्न स्थानमा पहल गर्ने ।

(ज) आफ्नो विद्यँलयको शैक्षिक भौतिक आथिृक अभिलेख अद्यावधिक गराइ राख्न लगाउने ।

(झ) गाउँपालिका, शिक्षा शाखा र गाउँ शिक्षा समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

(ञ) गाउँपालिकाले तोकेको मापदण्ड अनुसार आफ्नो विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने गराउने।

(ट) विद्यलायमा विभिन्न शीर्षकमा विनियोजित बजेटलाई सदुपयोग गर्ने गराउने ।

(ठ) गाउँपालिकाबाट अस्थायी करार राहत अनुदान र विद्यालय कर्मचारीहरुलाई सिफारिस भई आएका शिक्षकहरुलाई नियुक्ति गरी हाजिर गराई सोको जानकारी गराउने ।

१५. <u>**सस्थागत विद्यालय व्यवस्थापन समितिको गठन**</u> : (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेका एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षले मनोनित गरेको व्यक्ति **अध्यक्ष**

(ख) अभिभावकहरु आफूहरु मध्येबाट छानेको एक महिला सहित २ जना **सदस्य**

(ग) गाउँपालिका भित्र सम्बन्धित विद्यालयको सेवा क्षेत्र भित्रका शिक्षा प्रेमी वा समाजसेवी मध्येबाट व्यवस्थापन समितिको सिफरिसमा गाउँपालिका अध्यक्षले नियुक्त गरेको व्यक्ति एक **सदस्य**

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक **सदस्य सचिव**

(२) दफा १५ को (१) (क), (ख) र (ग) बमोजिम गठित व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि ३ वर्षको हुनेछ ।

१६. **शिक्षकको पदपूर्ति** : (१) सामुदायिक विद्यालयको स्वीकृत दरबन्दी, राहत अनुदान कोटा र शिक्षण सहयोग अनुदान र विद्यालय कर्मचारीहरुको करारमा शिक्षक व्यवस्थापन गर्नु परेमा देहाय बमोजिमको शिक्षक व्यवस्थापन समितिले रहने छ ।

(क) गाउँपालिका अध्यक्ष **संयोजक**

(ख) सम्बन्धित विषय तहका विषयगत विज्ञहरु मध्येबाट गाउँपालिकाले तोकेको दुई जना **सदस्य**

(ग) शिक्षा अधिकृत **सदस्य सचिव**

(२) खण्ड (ख) बमोजिमको विषय विज्ञ शिक्षा विकास समन्वय इकाइबाट अनिवार्य रुपमा विषय विशेषज्ञको प्रमाण पत्र लिएको हुनु पर्ने छ ।

(३) एक पल्ट कारार सूचीमा सूचीकृत भएका उम्मेदवारले २ बर्ष सम्म सूचीकृत हुंदाको पदमा काम गर्न पाउने छ ।

(४) परीक्षासंग सम्बन्धित काम शिक्षा शाखाका कर्मचारीहरुले गर्ने छन् ।

(५) परीक्षा सम्बन्धी काममा खटिए पदाधिकारी तथा कर्मचारीहरुलाई गाउँपालिकको करार कर्मचारी नियुक्ति गर्दा पाउने सुविधा सरह सुविधा उपलब्ध हुने छ ।

(५) शिक्षक व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाले शिक्षक बैंकका रुपमा तहगत र विषयगत शिक्षकहरुको करार सूची तयार गर्नका लागि ३० दिनको समय अवधि उपलब्ध गराई दरखास्तको सूचना जारी गर्ने ।

(ख) उम्मेदवारबाट आवश्यक कागजपत्र सहित पेश हुन आएका दरखास्तहरुको अध्ययन गर्ने र सम्भाव्य उम्मेदवारको नाम प्रकाशित गर्ने ।

(ग) परीक्षा संचालन र व्यवस्थापन गर्ने ।

(घ) परीक्षा लिखित, मौखिक र आवश्यकता परेमा प्रयोगात्मक समेत हुनेछ ।

(ङ) शिक्षक सेवा आयोगले तोकिएको पाठ्यक्रममा थप वा घटाउन पाउने छैन ।

(च) योग्यताका आधारमा नतिजा प्रकाशित गर्ने र गाउँपालिका शिक्षा शाखामा करार सूची अभिलेखिकरण गर्ने

(छ) विद्यालयमा रिक्त भएका दरबन्दीमा उक्त करार लिष्टमा भएका उम्मेदवारलाई मेरिटका आधारमा विषय तथा तह मिलान हुने गरी विद्यालयमा पठाउने

(ज) विद्यालय नियुक्ति दिई हाजिर गराएको मितिबाट गाउँपालिकाले तलब भत्ता उपलब्ध गराउने छ।

(झ) विद्यालयमा रिक्त हुने तहगत विषयगत दरबन्दीका र विद्यालयको आवश्यकताका आधारमा कारार सूची अध्यवधि गरिने छ ।

१७. **अध्यापन अनुमति पत्र लिनु पर्ने** : (१) यो ऐन प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्र नलिई कसैले पनि सामुदायिक विपद्यालयमा शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन तर विद्यालयको निजि स्रोत र बालविकास शिक्षकको हकमा अध्यापन अनुमति पत्र अनिवार्य गरिने छैन ।

१८. **अनुदानको व्यवस्था** : (१) यो ऐन प्रारम्भ हुँदाको बखत दिंदै आएको अनुदान रकममा कटौति नहुने गरी तोकिएको  कार्य सम्पादन मूल्यांकनका आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर  कायम गर्न  नसकेमा त्यस्तविद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकनेछ ।

(२) अनुमति प्राप्त सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

१९. **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने** : गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

२०. **गाउँपालिकाले निर्देशन दिन सक्ने** : (१) गाउँपालिकाले शैक्षिक गुणस्तर बृद्धि गर्न आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२१. **प्रधानाध्यापक सम्बन्धि व्यवस्था** : (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यपक रहननेछ ।

(२) हरेक सामुदायिक  विद्यालयमा विद्यालयको शैक्षिक नेतृत्व तथा व्यवस्थापनको भूमिका निर्वाह गर्न सम्भव भएमा सम्बन्धित तहको स्थायी शिक्षकलाई प्रचलित कानुन बमोजिमक गाउँपालिकाले प्रधानाध्यापकमा नियुक्ति गर्न सक्नेछ ।

(३) तोकिएको जिम्मेवारी तथा आफूले पेश गरेको योजना अनुसारको काम पुरा गर्न  नसक्ने प्रधानाध्यापकलाई गाउँ शिक्षा समितिले हटाउन सक्नेछ ।

(४) पदवाट हटाउनु पूर्व प्रधानाध्यापकलाई आफ्नो सफाई पेश गर्ने अवसरवाट वन्चित गरिन छैन।

२२. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न सक्ने** : गाउँपालिकाभित्र सञ्चालन भइरहेका कुनै विद्यालयलाई मापदण्ड बनाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटै विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

२३. **विद्यालयको सम्पत्ति** : (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिएको व्दिालयको प्रयोगमा आउने भएमा गाउँपालिकाको निर्णय अनुसार हस्तान्तरण गरिनेछ र सो विद्यालय प्रयोजनमा प्रयोग नहुने भएका गाउँपालिकाको निर्णयानुसार सार्वजनिक हितका लागि प्रयोगमा ल्याइनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकामा जानकारी दिनु पर्नेछ, तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृतिवेगर बेचविखन गर्न पाइने छैन ।

२४. **विद्यालयलाई छुट र सुविधा** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा कुनै पनि रजिष्टेशन दस्तुर लाग्ने छैन ।

२५. **अनुमति वा स्वीकृति रद्द गर्ने** : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित काम गरेमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वन्चित गरिने छैन ।

२६. **विद्यालय शान्ति क्षेत्र हुने** : विद्यालयको अध्ययन अध्यापनमा प्रतिकूल असर पर्ने गरी कुनै गतिविधि गर्न पाइने छैन । विद्यालय शान्ति क्षेत्र कायम हुनेछ ।

२७. **<u>विद्यलायलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने</u>** : (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजनागर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२८. **<u>शुल्क सम्बन्धी व्यवस्था</u>** : (१) संघीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेकोले विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शिक्षण शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपी, बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्न तोकिए बमोजिम व्यवस्था गरिनेछ ।

(५) संस्थागत विद्यालयले कुनै कक्षामा विद्यार्थी भर्ना गर्दा एकपटक भर्नाशुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि पून ः भर्ना शुल्क लिन पाउने छैन ।

(६) संस्थागत विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुको सहमतिमा विद्यालयको भौतिक एवं शैक्षिक विकासको लागि स्वच्छिक रुपमा सहयोग स्वरुप मासिक वा वार्षिक रुपमा आर्थिक स्रोत व्यवस्थापन गर्न सहमत भएको अवस्थामा कुनै रोक लगाइने छैन ।

२९. **<u>पदबाट हटाइने</u>** : देहायका अवस्थामा शिक्षक र विद्यालय कर्मचारीलाई पदबाट हटाइनेछ :-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा ननगरेमा

(ख) विना सूचना लगातार स्थायी शिक्षकले नब्बे दिन र अस्थायी तथा करार शिक्षकले १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले संस्थागत विद्यालयमा सञ्चालक भए वा संस्थागत विद्यालयमा अध्यापन गरेमा,

(च) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुव्र्यवहार गरेमा ।

३०. **<u>शैक्षिक योग्यता</u>** : शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

३१. **<u>शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने</u>** : प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३२. **<u>शिक्षकलाई अन्य काममा लगाउन नहुने</u>** : (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम र प्रकोप उद्धारका काममा खटाउन सकिनेछ ।

३३. **<u>अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने</u>** : (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा पैmसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

३४. **<u>शिक्षकको सरुवा</u>** : (१) कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी शिक्षा अधिकृतले समान पदको रिक्त दरबन्दीमा शिक्षकको सरुवा गर्न सक्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँशिक्षा समितिले आवश्यकता ठानेर गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षकलाई आफ्नो गाउँपालिका भित्र सरुवा गर्न सक्नेछ ।

(३) आफ्नो गाउँपालिकाबाट अन्य स्थानीय तहमा सरुवा सहमति माग गर्ने स्थायी शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी शिक्षा अधिकृतले सरुवा सहमति प्रदान गर्नेछ ।

३५. **शिक्षक दरबन्दी मिलान** : (१) गाउँपालिका भित्रका विद्यालयहमा रहेका शिक्षकहरुको दरबन्दीलाई कार्यविधि तथा मापदण्ड बनाई शिक्षा समितिले शिक्षक दरबन्दी मिलान गर्न सकिनेछ ।

३६. **संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन** : (१) गाउँशिक्षा समिति कार्यपालिका र गाउँसभाबाट संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन गर्न सकिनेछ ।

३७. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने** : (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको १० प्रतिशतलाई १०० प्रतिशत समावेशी सिद्धान्तका आधारमा जेहेन्दार विपन्न अपाङ्ग महिला दलित वा जनजाति विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा गाउँपलिकाको शिक्षा अधिकृतको समेत राय लिनु पर्नेछ, यसरी छनौट भएका विद्यार्थीहरुको नामावली सूचना पाटीमा टाँस गर्नुको साथै सम्बन्धित वडा कार्यालय र गाउँपालिका शिक्षा शाखामा समेत अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

३८. **तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने** : नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थिति रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना समेत हुने छैन ।

३९. **कर्मचारी सम्बन्धि व्यवस्था** : (१) सामुदायिक विद्यालयमा नेपाल सरकारले तोके बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिका कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. **वालवालकिलाई निस्कासन गर्न, शारीरिक वा मानशिक दुव्र्यवहार गर्न नहुने** : (१) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निस्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन ।

४१. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन गर्न अनुमति लिनुपर्ने** : (१) गाउँपालिका भित्र कसैले शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, कोचिङ ट्युसन, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा गाउशिक्षा समितिबाट अनुमति लिनुपर्नेछ ।

(२) उपदफा(१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा सञ्चालन गर्न अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **प्रगति विवरण बुझाउनु पर्ने** : सामुदायिक तथा संस्थागत विद्यालयहरुले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण बलेफी गाउँपालिका शिक्षा शाखा बुझाउनु पर्नेछ ।

४३. **दण्ड सजाय** : (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा तथा देहायका कार्य गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्श, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङघन गरेमा कानुनले तोकिएको तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ ः—

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रवास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी एकहजार रुपैयाँदेखि एकलाख रुपैयाँ सम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई गाउँपालिकाले सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

४४. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्नेगरी सो नियमद्धारा खास गरी देहाएका कुराहरुको व्यवस्था हुन सक्नेछ :-

(क) विद्यँलयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

(ग) विद्यालयको परीक्षा,

(घ) विद्यँलयका अतिरिक्त क्रियाकलाप र कार्यक्रमको निर्धारण,

(ङ) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथग्रहण सम्बन्धि,

(च) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरुको संख्या,

(छ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ज) विद्यालयको छात्रावास चलाउने,

(झ) विद्यालयको आय-व्ययको जाँच,

(ञ) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने,

(ट) शिक्षक तथा विद्यार्थीको आचारसंहिता,

(ठ) विद्यालयको पुस्तकालय र वाचनालय,

(ड)प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,

(ढ) विद्यालयका शिक्षकहरुको सेवा शर्त सम्बन्धि,

(ण) विद्यालयका शिक्षक कर्मचारीहरुको परिचयपत्र र चिन्ह,

(त) विशेष शिक्षा,

(थ) अनौपचारिक शिक्षा,

(द) शिक्षक अभिभावक विद्यार्थी सल्लाह तथा परामर्श सेवा,

(ध) आवासीय विद्यालय सञ्चालन गर्ने,

(न) संस्थागत विद्यालय सम्बन्धि,

(प) कोचिङ तथा ट्यूशन भाषा-शिक्षण र लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा गाउँपालिकाले आवश्यकता महशुस गरेका अन्य विषयमा,

४५. **बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्नुपर्नेछ र सूचनालाई यसै ऐनको अङ्ग मानिनेछ ।

४६. **बचाउ र लागू नहुने** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

आज्ञाले,
देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०७९/०३/१२